## प्रश्न नं. ७७

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

## (कक्षा रोल्नं. ९२७२ देखि ९३९३ सम्मका विद्यार्थीहरुका लागी मात्र)

श्यामप्रसाद भट्टराईको जाहेरीले नेपाल सरकार

बिरुद्ध

वारा जिल्ला पिपरा नगरपालिका वडा नं. ६ बस्ने मुसाई भन्ने विवेक लामा

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मिति २०७५।८।५ गते साँझ १८.०० बजेको समयमा गा.वि.स.पिपरा सिमरा वार्ड नं. ६ स्थित चिनी मिलको खाली जग्गामा वार्ड नं. ६ र ७ बीच फुटवल खेल्ने क्रममा सामान्य विवाद भै वार्ड नं. ७ को चौधरी टिमले मदनप्रसाद भट्टराईलाई कुटपीट गरेकोमा निज घाइते भई सिमराको सञ्जिवनी हेल्थ केयर सेन्टरमा ल्याउँदा ल्याउँदै मृत्यु भएको मौखिक जाहेरी,
- हेल्थ केयर सेन्टरभित्र इमर्जेन्सी वार्डको खाटमाथि उत्तानो अवस्थामा रहेको लाश, गाला र आँखा बीच नीलडाम, , घाटीमा निलो डाम र घाटीमा स्वासप्रस्वास  नलि भाचिएको अण्डकोषको दायाँपट्टिको भाग सुन्निएको, मलद्वार सुखा भएको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।
- मदनप्रसादको मृत्यु श्वास प्रश्वास नलि भाचिएको कारण स्वास फेर्ने नसकेको कारण मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोट
- जिल्ला वारा गा.वि.स. पिपरा सिमरा वडा नं. ६ स्थित पूर्वमा बाउने खोला, पश्चिम एयरपोर्ट आउने बाटो, उत्तरमा घना जंगल, दक्षिणमा सुदर्शन राणाको फार्म, यति चार किल्लाभित्र रहेको खुल्ला चौरको दक्षिणतर्फको पोल नजिक चौरमा वादविवाद हुँदा मदनप्रसाद घाइते भई तत्काल स्थानीय संजिवनी हेल्थ केयर सेन्टरमा उपचारको लागि लगेको भन्ने समेत व्यहोराको घटनास्थल विवरण ।
- जिल्ला वारा पिपरा सिमरा गा.वि.स. वडा नं. ६ स्थित बाग्लुङ टोल र सोही वडा स्थित शिव मन्दिर टोलका युवाहरूले अनौपचारिक तरिकाबाट खेल्न लाग्दा चौधरी टोलबाट दर्शकको रुपमा गएका केटाहरू पनि खेल मैदानमा पसी भकुण्डो खेल्न थाले । त्यतिकैमा विवेक लामा , श्याम लामा र  मदन विच सामान्य विवाद हुदा यि दुवै व्यक्तिले मदनलाई कुटपीट गरी समाती घाँटी बटारी अण्डकोष तथा कोखा लगायतका अति संवेदनशील अंगमा बुट तथा छालाको पेटी लगायतले प्रहार गर्दा मदन ज्यान जोगाउन सफल भए तापनि निजलाई गम्भीर चोट पटक लागेको कारण भूईमा लड्न पुगेको र निज लडेपछि पनि निजहरु फर्की आए मरी सकेको रहेछ भनि छोडेको र निज मदन भट्टलाई सिमरा स्थित संजीवनी हेल्थकेयर सेन्टर अस्पतालमा पुर्याई उपचार गराउँदा डाक्टरबाट मृत्यु भैसकेको घोषणा गरेको हुँदा श्याम चौधरी , विवेक लामा

**प्रश्न नं. ७७**

समेतलाई पक्राउ गरि कानूनबमोजिम सजाय गराई पाऊँ भन्ने श्यामप्रसाद भट्टको २०७५।८।९ मा दर्ता भएको जाहेरी दरखास्त ।

- वारदातपश्चात् भागी फरार भएका प्रतिवादीहरूलाई खोजतलास गर्दै जाँदा प्रतिवादी श्याम चौधरी, र विवेक पक्राउ गरी दाखिला गरेको प्र.ना.नि.बृजकिशोर चौधरीको प्रतिवेदन
- मृतक भाईलाई श्याम चौधरी र विवेक लामाले हात, खुट्टा, लात समेतले प्रहार गरी घाइते बनाएको हो र सोही कारणबाट मृत्यु भएको हो भन्ने सुरज भन्ने भागिरथ, रोहित पाण्डे र कुशहवा पण्डितले भट्टले गरेको वस्तुस्थिति मुचुल्का
- सामान्य भनाभन हुदाँ रिसको आवेकमा आएर कुटेके कारण मुत्यु भएको हो भन्ने एकै मिलानको श्याम चौधरी र विवेकको अनुसन्धान अधिकृत समक्ष वयान
- उल्लेखित प्रतिवादीहरूले मर्छ भन्ने जानी-जानी अति संवेदनशील अंगमा बक्सीङ्ग, लात तथा छालाको पेटीले निर्मम रुपमा कुटपीट गरी घाँटी बटारी दिएकोले सोही कारणले घाँटीको हाड भाँचिई श्वास प्रश्वास प्रक्रिया अवरुद्ध भई मृतक मदनप्रसाद भट्टको तत्कालै मृत्यु भएको देखिएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी अपराध सहिताको ज्यान सम्बन्धी कसुरको दफा १७७ को (१) नं. ले निषेधित गरेको कार्य गरी ज्यान सम्बन्धी महलको १७७ को उपदफा (२) नं. को कसूर अपराध गरेकोले प्रतिवादीहरू श्याम चौधरी, विवेक लामालाई सोही ज्यान सम्बन्धी महलको १७७(२) नं. अनुसार सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको २०७५।८।२९ मा दर्ता भएको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा इन्कारी वयान
- वारा जिल्ला अदालतले गरेको फैसला
- उच्च अदालत हेटौडामा प्रस्तुत गरेको पुनरावेदन पत्र